अनुसुची–२
(दफा ४ को अनुसुची–१ को भाग–३ संग सम्बन्धित )

# स्थानिय राजपत्र

बराहताल गाउँपालिका द्धारा प्रकाशित

खण्डः१, संख्याः२ मितिः २०७९/११/२९

भाग–३
बराहताल गाउँपालिका

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम बराहताल गाउँकार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको बराहताल गाउँपालिकामा बराहतालगाउँपालिका  खेलकूद विकास कार्यविधि, २०७९ सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

## बराहतालगाउँपालिका  खेलकूद विकास कार्यविधि, २०७९

## कार्यपालिकाबाट स्विकृत मिति :– २०७९-११–२९

प्रस्तावना :–

बराहताल गाउँपालिकामा शैक्षिक क्षेत्रभित्रवाबाहिर खेलकूदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सदभाव कायम राखी युवाहरुलाई धुम्रपान, मध्यपान, लागु पदार्थ दुब्र्यसनको कुलतबाट जोगाई शारीरिक तथा मानसिक विकास गरी सक्षम, अनुशासित र सुसंस्कृत समाजको निर्माणको निमित्त बराहताल गाउँपालिका क्षेत्रभित्र खेलकूदमा स्वच्छ प्रतिष्पर्धाको भावनाजागृत गराई परिश्रम परिवर्तन प्रति सचेत स्वस्थ नागरिक बनाउनको लागि विभिन्न तालिम तथा खेलकूद सम्बन्धि प्रतियोगिताहरु सञ्चालन गरी सबै किसिमको खेलकूद आयोजना गर्न तथा स्थानीय, प्रदेश, राष्ट्रिय तथा अन्त्रराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगितामा बराहताल गाउँपालिकाको उपयुक्त सहभागिता समेतको आवश्यकता व्यवस्था गरी खेलकुदको विकास आवश्यक गर्न देखिएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) को उपदफा (२ ) को बमोजिम हुन वान्छनीय भएकोले बराहताल गाउँपालिकाको प्रशासकीय (कार्यविधी नियमित गर्ने) ऐन २०७४ को दफा ( ४) ले दिएको अधिकार प्रयोग गरी गाउँकार्यपालिकाको बैठकको निर्णयबाट यो "बराहताल गाउँपालिका खेलकूद विकास कार्यविधि,२०७९" जारी गरिएको छ ।

# परिच्छेद - १

१. संक्षिप्तनाम र प्रारम्भ:

(क) यो कार्यविधिको नाम"बराहताल गाउँपालिका खेलकूद विकास कार्यविधि, २०७९" रहेको छ ।

(ख) यो कार्यविधि गाउँकार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुने छ ।

(ग) यो कार्यविधि शैक्षिक संस्था, क्लब, खेलकुदको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था तथा इन्सच्युटमा समेतमा लागु हुनेछ ।

# परिच्छेद - २

२. परिभाषा :– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "गाउँपालिका " भन्नाले बराहताल गाउँपालिका लाई जनाउँछ ।

(ख) "कार्यविधि" भन्नाले बराहताल गाउँपालिका "बराहताल गाउँपालिका खेलकूद विकास कार्यविधि, २०७९" सम्झनु पर्छ ।

(ग) "बराहताल गाउँपालिका खेलकूद विकास समिति" यस कार्यविधिको दफा ३(१) बमोजिम गठित खेलकुद विकास समिति सम्झनु पर्छ र यसलाई छोटकरीमा खेलकुद समिति"भनिनेछ ।

(घ) "संयोजक"भन्नाले खेलकुद विकास समितिको संयोजक सम्झनु पर्दछ ।

(ङ) "सदस्य"भन्नाले खेलकुद विकास समितिका सदस्य सम्झनु पर्छ ।

(च) "सदस्य सचिव"भन्नाले खेलकुद विकास समितिको सदस्य सचिव सम्झनु पर्छ ।

(छ) "अध्यक्ष"भन्नाले बराहताल गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ज) "उपाध्यक्ष"भन्नाले बराहताल गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(झ) "प्रमुख प्रशासकिय अधिकृत"भन्नाले बराहताल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ञ) "खेलकुद सम्बन्धि संस्था"भन्नाले दफा १२ र १३ बमोजिमदर्ता भएको संस्था सम्झनु पर्छ

(ट) "स्थानीय तह"भन्नाले बराहताल गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ड) "खेलकुद" भन्नाले बराहताल गाउँपालिकाको आयोजना वा स्विकृती वा सहमति लिई खेलाइने खेलकुद समेतलाई सम्झनु पर्ने छ ।

(ढ) "खेलाडी"भन्नाले टिम, क्लब, संघ, संस्था तथा विभिन्न विधाका राष्ट्रिय अन्तराष्ट्रिय खेलाडिलाई सम्झनु पर्दछ ।

(ण) "प्रशिक्षक" भन्नाले बराहताल गाउँपालिका दारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लब, संघ, संस्थामा खेल प्रशिक्षण समितिमा सम्बद्ध बिषयगत खेलकुद प्रशिक्षक सम्झनु पर्दछ ।

(त) "प्रशिक्षार्थी" भन्नाले बराहताल गाउँपालिक दारा सञ्चालित खेलकूद प्रशिक्षणमा सहभागी खेलाडी, खेलाडी टिम, क्लब, संघ संस्थामा सम्बद्ध सिकारु खेलाडी सम्झनु पर्दछ ।

(थ) "प्रोत्साहन" भन्नाले खेलाडीलाई दिईने उपहार, सम्मान, पुरस्कारलाई सम्झनु पर्दछ ।

# परिच्छेद —३

बराहताल गाउँपालिका खेलकुद विकास समितिको गठन तथा काम कर्तव्य र अधिकार

३. बराहताल गाउँपालिका खेलकुद विकास समिति गठन “खेलकुद विकास समिति” गठन हुनेछ ।
(क) बराहताल गाउँपालिकाको अध्यक्षले तोकेको ब्यत्ति – संयोजक
(ख) सामाजिक समितिको संयोजक – सदस्य
(ग) विभिन्न विधाका खेलकुदका प्रशिक्षकहरु मध्य अध्यक्षले मनोनित२ जना –सदस्य
(घ) गाउँ, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेल जगतमा प्रतिभा आर्जन गरेका खेलाडी वा पूर्व खेलाडीबाट बराहताल गाउँपालिका कार्यपालिकाबाट मनोनीत कम्तीमा एकजना महिला सहित बढीमा २ जना - सदस्य
(ङ) गाउँ स्तरका खेलकुद सम्बन्धी संस्था तथा क्लबहरुबाट सिफारिस भई आएका व्यत्तिहरु मध्येबाट अध्यक्षले मनोनित गरेका कम्तिमा १ जना महिला सहित २ जना– सदस्य
(च) सामुदायिक र संस्थागत विद्यालयका शिक्षक मध्ये प्रमुख दारा मनोनित २ जना -- सदस्य
(छ) शिक्षा, यूवा तथा खेलकुद शाखाको शाखा प्रमुख १ जना – सदस्य सचिव
(४) गाउपालिका अध्यक्ष वा उपाध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतलाई आमन्त्रित सदस्यको रुपमा बोलनु पर्नेछ ।
(५) समितिको आवश्यक देखेमा कुनै गा.पा वा अन्य जिल्लाको खेलकुदको क्षेत्रमा ख्याती प्राप्त ब्यक्तिलाई विशेषज्ञ वा सल्लाहकारको रुपमा समितिको बैठक आमन्त्रण गर्नसक्नेछ ।
(६) गाउँ खेलकुद समिति अन्तर्गत आवश्यकता अनुसार प्रत्यक वडामा खेलकुद समिति गठन गर्न सकिनेछ ।
(७) खेलकूद बिकास समितिको काम कर्तव्य र अधिकार खेलकूद विकास समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
(क) गाउँपालिका स्तरीय खेलकूद क्यालेण्डरलाई स्वीकृत गर्ने ।
(ख) स्थानीय स्तरका खेलकूदको लागि संरचनाको पूर्वाधार,निर्माण सञ्चालन तथा विकास गर्ने ।
(ग) खेलकूदको स्तरमा वृद्धि गर्न गाउँ, नगर, जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका विभिन्न विधाका खेलकूदका प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गर्ने ।
(घ) शिक्षण संस्थाहरुमा खेलकूद सम्बन्धी प्रशिक्षण, प्रतियोगिता सञ्चालन गर्ने तथा खेलकूदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने ।
(ङ) खेलकूद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई अन्य गा.पा. जिल्ला, प्रदेश र संघमा पठाउने
(च) स्थानीय स्तरका खेलकूद प्रशासन, शैक्षिक संस्था, क्लव,संघ,संस्था, इन्स्टिच्यूटको नियमन र समन्वय गर्ने र आवश्यक निर्देशन गर्ने ।
(छ) खेलकूदको विकास र प्रबद्र्धन गर्ने ।
(ज) स्थानीय तहलाई खेलकूद सम्बन्धी कुरामा सल्लाह दिने, तथा स्थानीय तहले आयोजना गरेका खेल संचालनको लागि विभिन्न उप समिति गठन गरी खेललाई मर्यादित र व्यवस्थीत ढङ्गले संचालन गर्ने गराउने, ।
(झ) खेलकूद सम्बन्धी क्लब, संस्थालाई आर्थिक सहयोगको स्थानीय तह समक्ष सिफारिश गर्ने ।
(ञ) खेलकूद सम्बन्धी स्तर बढाउने पुस्तक, चलचित्र पर्चा, वा भिडियो चलचित्र आदिको लेखक वा निर्मातालाई आर्थिक वा अन्य सहयोग प्रदान गरी प्रोत्साहित गर्ने ।
(ट) खेलकूदको विकासको लागि आवश्यकता अनुसार सम्भव भएसम्म प्रत्येक वडामा खेलकूद मैदानको निर्माण गरी संरक्षण तथा रेखदेख गर्ने ।
(ठ) खेलाडीहरुको स्तरबृद्धि गर्न आवश्यकता अनुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहरुवाट तालिम दिलाउने व्यवस्था गर्ने र उपयूक्त खेलाडिको छनोट गरी आवश्यकता अनुसार विदेशमा समेत तालीम हासिल गर्नको लागि पठाउने ।
(ड) गाउँपालिका भित्रका खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्रि प्रदान गर्नको लागि तहाँ स्थानीय समक्ष सिफारिश गर्ने ।
(ढ) खेलाडीको स्वास्थ्यको संरक्षण गर्नको लागि आवश्यक व्यवस्था गर्ने ।
(ण) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा विकलाङ्ग हुन पुगेका अपाङ्गहरुको खेलकूदको विकास गर्न तालिम तथा प्रतियोगिता संञ्चालन गर्ने गराउने ।
(त) वडा स्तर र विद्यालय स्तरमा खेलकूद गतिविधि सञ्चालन गर्ने गराउने,
(थ) खेलकूदको विकासको लागि अन्य आवश्यकता व्यवस्थाहरु गराउने गर्ने ।
८. सदस्य सचिवको काम कर्तव्य र अधिकार:-
(क) बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय पुस्तिकाको सुरक्षा गर्ने र संयोजकको आदेशअनुसार बैठकको लागि आवश्यक विषय सूचि र सामाग्री जुटाउने ।
(ख) बैठकमा माइन्यूट उठाउने र बैठक सञ्चालन सम्बन्धी आवश्यक काम गर्ने ।
९. समितिका सदस्यहरुको पदावधि :-

(१) मनोनित सदस्यहरुको पदावधि ३ बर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुन  मनोनयन हुन सक्ने छ ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि ४ दफाको अनुसार प्रकृया बमोजिम पद पूर्ति गरिनेछ ।

(३) सदस्यले राजीनामा गरी स्वीकृत भएमा बमोजिम आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(४) कुनै सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने समितिममा लागेमा सिफारिसमा कार्यपालिकाको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ । त्यस्तो कारवाही गर्दा सम्बन्धित सदस्यलाई सफाई दिने मौकाबाट बञ्चित गरिने छैन ।

१०. सदस्यको अयोग्यता:- देहायको कुनै ब्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने– छैन ।

(क) गैर नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको ।

(ग) मगज बिग्रेको ।

(घ) पदेन सदस्य बाहेक अन्य सदस्य १८ वर्ष उमेर पूरा नभएको

११. सदस्यता समाप्त हुने अवस्था देहायको:- अवस्थामा सदस्यता समाप्त भएको मानिनेछ:–

(क) दफा ९ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा

(ख) सदस्यले राजीनामा गरेमा,

(ग) मृत्यु भएमा,

(घ) समितिलाई कारण सहितको सूचना नदिई लगातार तीन पटक भन्दा बढी परिषदको बैठकमा अनुपस्थित भएमा ।

# परिच्छेद- ४

१२. समितिको बैठक र निर्णय:-

(१) संयोजकबाट निर्देशन भए अनुसार सदस्य– सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनेछ ।

(२) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकका अध्यक्षता गर्ने छ ।

(३) समितिको कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ ।

(४) समितिको बैठक प्रत्यक ३/३ महिनामा अनिवार्य बस्नु पर्ने छ बर्षको कम्तिमा ४ पटक बस्नेछ ।

(५) जम्मा सदस्य संख्याको एक तिहाइ सदस्यहरुले मनासिव माफिको कारण देखाई बैठक बोलाइयोस भनी संयोजक समक्ष लिखित अनुरोध गरेमा संयोजकले यथाशीघ्र बैठक बोलाउनु पर्ने छ ।

(६) बैठकमा बहुमतको राया मान्य हुने छ र मत बराबर भएमा अध्यक्षता गर्ने ब्यक्तिले निर्णायक मत दिन पाउने छ ।

(७) सदस्य– सचिवले बैठकको निर्णय पुस्तिका राख्नेछ ।

# परिच्छेद –५

१३. खेलकूद सम्बन्धी संस्थाको दर्ता –

(१) खेलकूद सम्बन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानून बमोजिम दर्ता भएको संस्थाले गाउँपालिकामा समेत दफा १३ बमोजिम दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकामा दर्ता नभएको खेलकूद सम्बन्धी टिम, क्लब, संघ संस्थाले बराहताल गाउँपालिका भित्र खेलकूद सम्बन्धी गतिविधि सञ्चालन गर्न सक्ने छैन ।

(१४) संस्था दर्ताको लागि दरखास्त दिनु पर्ने :– बराहताल गाउँपालिकाको लगतमा संस्था दर्ता गराउन चाहने खेलकूद सम्बन्धी संस्थाले देहायका कुराहरु गाउँपालिका अध्यक्षलाई नाम दर्ताको लागि निवदेन दस्तुर ५००।– का साथ अनूसूची १ बमोजिम ढाचामा दरखास्त दिनु पर्ने छ ।

(क) संस्थाको नाम र ठेगाना,

(ख) सञ्चालन गरिने खेलकूदको किसिम,

(ग) कार्यकारिणी समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा ।

(२) उपदफा १ बमोजिम दरखास्त दिदा खेलकूद सम्बन्धी संस्थाले आफ्नो विधानको एकप्रति

प्रतिलिपि समेत दरखास्त साथ संलग्न गरेको हुनु पर्ने छ ।

(१५) खेलकूद सम्बन्धी संस्थाको नाम दर्ता गर्न (दफा १३ बमोजिम  नाम दर्ता गराउनको दरखास्त परेमा दरखास्त प्राप्त भएको मितिले पैंत्तिस दिन समितिले भित्र आवश्यक जाँचबुझ गरी त्यस्तो खेलकूद सम्बन्धी संस्थालाई दर्ताको लागि गाउँपालिकामा सिफारिस गर्नेछ । गाउँपालिकाको नियमानुसार दर्ता गराई अनूसूचि २ बमोजिमको प्रमाण पत्र दिनेछु । सोहि पर्ने प्रमाण पत्रमा  हरेक बर्ष नविकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नविकरण गर्नु पर्ने छ ।

(२) पहिल्यै दतौ भइसेको संस्था भए गाउँपालिकामा सूचिकृतको लागी –३ को अनुसूचि  ढाँचामा लिखित निवेदन दिनु पर्ने छ ।

(३) सूचिकृत भएका संस्थाहरुलाई अनुसूची –४ बमोजिम प्रमाण पत्र दिईने छ । सोही प्रमाण पत्रमा हरेक वर्ष नविकरण भएको विवरण उल्लेख गरी सम्बन्धीत कर्मचारीले सही गरी नविकरण गर्नुपर्ने छ ।

(४) दर्ता वा सूचिकृत भएका संस्थाको नविकरण गर्न दिईने निवेदन सूची ५ अनुसूचि बमोजिम को ढाँचामा हुने छ ।

(५) गाउँपालिकामा दर्ता वा सूचिकृत गर्दा आवेदन फाराम शूल्क बाहेक अन्य दस्तुर लाग्नेछैन ।

(६) प्रत्यक वर्षको आषाढ मसान्त भित्र सवै दर्तावाल वा सूचीकृत संस्थाहरुले गाउँपालिकामा अनिवार्य नविकरण गराउनु पर्ने छ ।

(७) दर्ता नविकरण गर्नु भन्दा पहिले समितिले तोकेको प्रतिनिधिद्धारा सम्बन्धित ठाउँको निरिक्षण गर्नु पर्ने छ ।

(८) उपदफा (१) बमोजिम लगतमा नाम दर्ता गर्न नसकिने ठहरिएमा दर्ता गर्न नसकिने व्यहोराको सूचना गाउँपालिकाले त्यस्तो खेलकूद सम्बन्धी संस्थालाई दिनु पर्ने छ ।

(९) दर्ता भएका टिम, क्लब, संघ संस्थाले जुनसुकै खेलकूदको प्रतियोगिता गर्नु भन्दा अगाडि खेलकूद समितिको सिफारिसमा गाउँपालिकाबाट स्वीकृत लिनु पर्ने छ ।

(१०) गाउँपालिकामा दर्ता भएका टिम, क्लब, संघसंस्थाहरुले  गाउँ खेलकूद समितिको उद्देश्य अनुसार खेलकूद प्रतियोगिता सञ्चालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई गाउँ खेलकूद विकास समितिको सिफारिसमा गाउँपालिकाबाट आवश्यक रकम उपलब्ध गराउन सक्नेछ ।

१६. (१) यो कार्यविधि बमोजिम गा. पा. को लगतमा नाम दर्ता भएको खेलकुद सम्बन्धी संस्थाले दफा १३ बमोजिम नाम दर्ताको लागि दिएको दरखास्तमा उल्लेख भएको व्यहोरा वा दरखास्त साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु परेको कारण सहितको सूचना १५ दिनभित्र समितिलाई दिनभित्र दिनु पर्नेछ ।

(२) उपदफा(१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि यस्तो हेरफेर गर्नु पर्ने कारण  मनासिव देखेमा समितिको सिफारिसमा त्यस्तो हेरफेरको व्यहोरा लगतमा जनाई लगत अद्यावधिक बनाई राख्नु पर्नेछ ।

(१७) खेलकूद सम्बन्धी संस्थाले हिसाबको श्रेस्ताराख्नु पर्न खेलकुद सम्बन्धी संस्थाले  आफनो आम्दानी खर्चको हिसाबको श्रेस्ता समितिले तोकिएको ढाँचामा राख्नु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम खेलकुद सम्बन्धी संस्थाले राखेको जाँचबुझ श्रेस्ताको खेलकूद समितिले जहिले जुन सुकैबेला पनि गर्न सक्नेछ ।

(३) खेलकुद समितिले उपदफा (२) बमोजिम खेलकूद सम्बन्धी संस्थाको कोष जाजुबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित ब्यक्तिबाट असूल उपर गर्न गराउन आवश्यक कारवाही चलाउनु पर्नेछ ।

(१८) निर्देशन दिन र लगतबाट नाम कट्टा गर्न सक्ने:- गाउँपालिकाको खेलकूद सम्बन्धी संस्थालाई खेलकूदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकूद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले दिएको निर्देशनको पालन नगर्ने खेलकूद सम्बन्धीत संस्था वा समितिले तोकिएको ढाँचामा आफनो आम्दानी खर्चको हिसाब किताबको श्रेष्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकूद सम्बन्धी संस्थाको गाउँपालिकाले नाम आफनो लगतबाट कट्टा गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम गाउँपालिकाले आफनो लगतबाट कुनै खेलकूद  सम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकूद सम्बन्धी संस्थालाई दिनु पर्नेछ ।

(१९) स्वीकृत लिनु पर्ने:- खेलकूद सम्बन्धी संस्थाले लेखकूद प्रतियोगिता गाउँ भन्दा बाहिर वा राष्ट्रिय वा अन्तराष्ट्रिय खेलकूद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई बठाउन वा बराहताल गाउँपालिकामा हुने खेलकूद प्रतियोगिता वा खेलकूद विषयको सभा वा सम्मेलनमा अन्य क्षेत्रको खेलाडी वा अधिकारीहरुलाई आमन्त्रण गर्न समितिको सिफारिसमा गाउँपालिकाबाट स्वीकृत लिनु पर्ने छ ।

(२०) सदस्य हरुको भत्ता:- (१) ले सदस्यहरुले समितिको बैठकमा भाग लिए बापतप्रति बैठक रु.१०००। — बैठक भत्ता पाउनेछन् ।

(२१) कायक्रम तथा बजेट:- खेलकूद विकास प्रवद्धर्नको लागि बराहताल गाउँपालिकाले आवश्यक बजेट बार्षिक योजनामा समावेश गर्नु पर्नेछ ।

# परिच्छेद ६

## आचार संहिता

(२२) आचार संहिता:- (१) खेल सम्बन्धी बिषयका खेलाडी, समिति संयोजक तथा सदस्य, कर्मचारी देहाय बमोजिमको आचार संहिता पालन गर्नु पर्नेछ ।

(क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले सञ्चालनको समयमा कुनै पनि प्रतिबन्धित लागु औषध र मादक पदार्थ सेवन गर्न पाईने छैन ।

(ख) खेलाडी टिमले विदेशी नागरिक समावेश गरेर स्वदेशको खेलाडी टिम बनाउन पाइने छैन । तर विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिदा गैर नेपाली टिमलाई मान्यता दिइनेछ ।

(ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ । तर कोचिङ्ग कक्षा सञ्चालन गर्न दर्ता नभएको टिमलाई पनि सामेल गराउन सकिनेछ पहिलो वर्ष दर्ता नभएको टिमले पनि सहभागी हुन पाउनेछ ।

(घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषि ठहरीएको खेलाडीलाई खेलको टिमलाई हटाइनेछ ।

(ङ) खेलको बिजय पश्चात पाउने सील्ड, ट्रफि कहिं कतै बेच्न, धरौटीउपहार राख्न वादिन पाइने छैन । तर कुनै दर्तावाला क्लब विगठन हुन गई उक्त क्लबले प्राप्त गरेका सील्ड,ट्रपि गाउँपालिकाको स्विकृतीमा अर्को दर्तावाल क्लबलाई उपहार दिन भने वाधा पर्ने छैन ।

(च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार वाहेक टिमले पाएको उपहार व्यत्तिको अधिनमा राख्न पाइनेछैन तर संरक्षण गर्न बाधा पर्ने छैन ।

(छ) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइने छैन ।

(ज) खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफनो टीमको पक्ष क्ल्यापिङ्गलाई हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदशन गर्न पाइनेछ विपक्षीतिर टीमका व्यक्तिहरु वा टीमलाई इंगित गरी काटुन, चित्रकारिता, हुटिङ्ग, व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शब्द वा अभद्र व्यवहार गर्न पाइने छैन ।

(झ) खेलको प्रतिस्पर्धा निम्ति गाउँपालिकाको स्विकृति र इजाजत विना आफनो टिमको नामामा जवर्जस्ती सहयोग उठाउन पाइने छैन ।

(ञ) गाउँपालिकाको स्विकृति वा इजाजत लिई उठाइएको सहयोगी संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धी क्लबबाट पारित गराएर मात्र खर्च गर्न पापइनेछ

(ट) यस अघिनै अन्यन्त्र दर्ता भएका वा गाउँपालिकामा सूचीकृत भएका संस्थाहरुले गाउँपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछन ।

(२३) सौजन्यता:- दर्तावाला संस्थाहरुले कसैको सौजन्यमा कुनै खेल सञ्चालन गर्न गाउँपालिकाको पूर्व स्वीकृत लिनुपर्नेछ । तर गाउँपालिकाले स्विकृत नदिएको खण्डमा भने व्यक्ति वा संस्थाको सौजन्यतावाट प्राप्त नगदी, जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल सञ्चालन गर्न बाधा पर्ने छैन ।

# परिच्छेद ८

## सजाय

(२४) जरिवाना:-(१) दर्ता भएका खेलकूद सम्बन्धी संस्थाहरुले नविकरण नगराएमा देहाय बमोजिम जरिवाना गरिने छ ।

(क) एक वर्षसम्म पनि नविकरण नगरेमा रु. ५००।—

(ख) दुई वर्षसम्म पनि नविकरण नगरेमा रु.१०००।—

(ग) तीन वर्ष सम्म पनि नविकरण नगरेमा रु. १५०० ।—

(घ) पाँच वर्षसम्म पनि नविकरण नगरेमा रु.२५०० ।—

(२) पाँच वर्षसम्म बढी समय सम्म पनि नविकरण नगर्ने संस्थालाई दर्ताको सूचीबाट हटाइनेछ । यसरी समयमै नविकरण नगरी दर्ताको सूचीबाट हटी सकेको संस्थामा संलग्न व्यत्तिको अर्को संस्था दर्ता गरिने छैन ।

(३) समयमै नविकरण नगर्ने संस्थाले आफनो कोषबाट जरिवाना बुझाउनु पर्नेछ । तर संस्था कुनै व्यक्तिका कारणले संस्था नविकरण गर्न विलम्ब हुन गएको भए उक्त ब्यक्तिबाट संस्थाले असूल उपर गर्न सक्नेछ ।

(२५) जिम्मेवार नहुने:- समितिको आयोजनामा हुने खेलकूद प्रतियोगितामा कुनै कारणवस खेलाडी वा अन्य व्यक्ति घाइते वा मृत्यु भएमा त्यसको जिम्मेवारी समिती वा गाउँपालिका हुन सक्ने छैन र सो वापतको क्षतीपूर्ती दिन समिती वा गाउँपालिका बाध्य हुने छैन ।

(२६) संस्थाको विघटन :- (१) दर्ता भएको खेलकूदका संस्थाहरु देहायको अवस्थामा विघटन हुन सक्नेछन

(क) संस्थाका दुईतिहाई बहुमतले संस्था विघटन गर्ने भनी निर्णय गरेमा ।
(ख) लगातार ५ वर्ष सम्म संस्था नविकरण नगरेमा ।
(ग) संस्थाका पदाधिकारी निष्कृय भएमा वेपत्ता भएमा ।
(घ) प्राकृतिक विपत्तिको कारणबाट संस्था विक्षत भएका ।

(२७) विघठित संस्थाको सम्पत्ति:– विगठन भएको संस्थाको सम्पत्ति गाउँपालिका मातहतमा रहनेछ ।

(२८) सजायः (१) समितिको कुनै सदस्य वा कर्मचारीले जानी जानी वा लापरवाही गरी वा बदनियतसाथ समितिलाई हानी नोक्सानी पु¥याएमा निजलाई २००००।— रुपैयासम्म जरिबानाहुन सक्नेछ ।

(२९) असल नियतले गरेको काममा बचाउ:– निर्देशिका बमोजिम खेलकूद सम्बन्धी शैक्षिक संस्था, क्लब, संस्थाहरुको अनुगमन तथा नियमन गर्दा सदस्यहरु एपर कुनै कारवाही गरिने छैन ।

(३०) यस निर्देशिकामा लेखिएको कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

(३१) प्रतिवेदन समितिको:– बार्षिक प्रगति प्रतिवेदन संयोजकले कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(३२) बाधा अडकाउ फुकाउने अधिकार यस:– निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा वा ब्याख्या गर्ने अधिकार बराहताल गाउँपालिकालाई हुनेछ ।

(३३) संशोधन यस:– निर्देशिकामा आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

अनुसूची १
(दफा १३ को उपदफा १ सँग सम्बन्धित)

मिति:–

........................
श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
बराहताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, अवलचिङ्ग सुर्खेत ।
विषय– संस्था दर्ता सम्बन्धमा ।

हामिले तपसीलमा उल्लेखित विवरण अनुसारको खेलकूद सम्बन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले संंस्थाको विधान समेत तयार गरी सकेकोले एक प्रतिशत विधान यसै निवेदन साथ संलग्न राखी विधान स्वीकृती र संस्था लागि दर्ताका आवेदन गरेको छुनछौ । नियमानुसार संस्था दर्ता गरीदिनु हुन अनुरोध गरिन्छ ।

संस्थाको कार्यालय रहने स्थान :-....................................
बराहताल गाउँ गाउँपालिका वार्ड नं:-............................
टोलको नाम ः.........................................

सचिव:-........................ अध्यक्ष:-
नामः................................. नाम:-
मितिः.................................. मिति:-
निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:-
क) संस्थाको विधानको मस्यौदा र छाप
ख) आवेदक र समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपि

अनुसूची २
(दफा १४ को उपदफा १ सँग सम्बन्धित)

बराहताल गाउँपालिका कार्यालय,
गाउँ कार्यपालिकाको कार्यालय,
अवलचिङ्ग, सुर्खेत ।

मिति :-

......................

बिषय संस्था दर्ता प्रमाण पत्र

संस्थाको नाम .....................................ठेगाना
.................................दर्ता
हुँदाका बखत रहनु भएका मितिको पदाधिकारी र सदस्य संख्या ः दर्ता हुँदाका बखत रहनु भएको अध्यक्षको नाम
माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृत संस्था स्थापना गरी दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ । बराहताल गाउँ खेलकूद विकास समिति कार्याविधि र विधानको अधिनमा रही खेलकूद सम्बन्धी गतिविधि हरु सञ्चालन गर्न अनुमति दिईएको छ ।

.....................
प्रमुख प्रशासकीय अधिकृत

संस्था नविकणको विवरण
क्र सं संस्थाको नाम नविकरण भएको मिति नविकरण दस्तुर नविकरण गर्ने कर्मचारीको सही र गा.पा को छाप ।

अनुसूची ३
(दफा १४ को उपदफा २ सँग सम्बन्धित)

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
बराहताल गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, अवलचिङ्ग, सुर्खेत ।

बिषय:- संस्था सुचिकृत गरिदिनुहुन ।

हामीले तपसिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै आएका छौँ । गाउँपालिकाको नियमानुसार संस्था सूचिकृत गर्नु पर्ने भएकोले नियम अनुसार गरिदिन अनुरोध गर्दछौ ।
संलग्न कागजातहरु ।
क) दर्ता प्रमाण पत्र
ख) चालु वर्षको लेखा परीक्षण प्रतिवेदन
ग) कर चुक्ता प्रमाण पत्र
घ) कार्यसमितिको निर्णय

........... ...............

हस्ताक्षर
हस्ताक्षर
सचिव अध्यक्ष

अनुसूची ४
(दफा १४ को उपदफा ३ संग सम्बन्धित)

बराहताल गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
कुनाथरी, सुर्खेत ।

संस्थाको नामः–.............................
ठेगानाः–....................................

दर्ता हुँदाका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्याः–
दर्ता हुँदाका बखत रहनु भएको अध्यक्षको नामः–

माथि उल्लिखित विवरण भएको संस्था सूचीकृत गरी प्रमाण पत्र गरिएको बराहताल गाउँ खेलकूद विकास समिति कार्यविधि र विधानको अधिनमा रही खेलकूद सम्बन्धी गतीविधीहरु सञ्चालन गर्न अनुमति दिईएको छ ।

...................
प्रमुख प्रशासकीय अधिकृत

अनूसूची ५
(दफा १४ को उपदफा ४ सँग सम्बन्धित)

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
बराहताल गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, कुनाथरि ,सुर्खेत ।

बिषय :– संस्था नविकरण गरी पाउँ ।

.....................................नामक संस्था यस गाउँपालिकामा दर्ता÷ सूचिकृत भई खेलकूद सम्बन्धी गतिविधिहरु सञ्चालन गरी रहेको हुँदा तपशिल बमोजिमका कागज पत्र नविकरण गरीपाउँ भनि निवेदन गर्न आएको छौं÷छु । अतः आर्थिक वर्ष ..................को संस्था नविकरण गरी पाउँ ।
निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु ।

क) आर्थिक वर्ष ..............को लेखापरीक्षण प्रतिवेदन,
ख) संस्थाको वार्षिक गतीविधि,
ग) भावि योजना र बजेट

आज्ञाले
ललित कुमार थापा

प्रमुख प्रशासकीय अधिकृत